# संस्थागत बीमा अभिकर्ता सम्बन्धी निर्देशिका, २०७८

**प्रस्तावना:** बीमा वितरण प्रणालीको महत्वपूर्ण हिस्साको रूपमा रहेको संस्थागत बीमा अभिकर्ता सम्बन्धी व्यवस्था गरी बीमा व्यवसायलाई प्रवर्द्धन गर्न वाञ्छनीय भएकोले बीमा ऐन, २०४९ को दफा ८को खण्ड (घ२) ले दिएको अधिकार प्रयोग गरी बीमा समितिले देहायको निर्देशिका बनाएको छ।

परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम **"सँस्थागत बीमा अभिकर्ता सम्बन्धी निर्देशिका, २०७८"** रहेको छ।

(२) यो निर्देशिका तत्काल प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) **"अभिकर्ता"** भन्नाले बीमा अभिकर्ताको रूपमा कार्य गर्ने सँस्था वा सँस्थागत बीमा अभिकर्ता सम्झनु पर्छ।

(ख) **"ऐन"** भन्नाले बीमा ऐन, २०४९ सम्झनु पर्छ।

(ग) **"नियमावली"** भन्नाले बीमा नियमावली, २०४९ सम्झनु पर्छ।

(घ) **"निर्देशिका"** भन्नाले सँस्थागत बीमा अभिकर्ता सम्बन्धी निर्देशिका, २०७८ सम्झनु पर्छ।

(ङ) **"सँस्था"** भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको संगठित सँस्था सम्झनु पर्छ .

(च) **"समिति"** भन्नाले ऐनको दफा ३ बमोजिमको बीमा समिति सम्झनु पर्छ।

परिच्छेद-२

## योग्यता तथा अयोग्यता

३. **योग्यताः** अभिकर्ताको इजाजतपत्रको लागि निवेदन दिँदा बीमा नियमावली, २०४९ मा उल्लेख भएका योग्यताको अतिरिक्त देहाय बमोजिमका योग्यता हुनुपर्नेछः-

(क) अभिकर्ताको मुख्य वा प्रमुख व्यवस्थापकहरू मध्ये कम्तीमा एक जनाले समिति वा समितिबाट मान्यता प्राप्त गरेको सँस्थाले बीमा अभिकर्ताको लागि सञ्चालन गरेको आफूले गर्न चाहेको किसिमको बीमा अभिकर्ताको तालिममा सहभागी भई प्रमाणपत्र लिएको हुनु पर्ने।

(ख) अभिकर्ताको सञ्चालक र मुख्य वा प्रमुख व्यवस्थापकले कम्तीमा एस.इ.इ वा सो सरहको परीक्षा उत्तीर्ण गरेको हुनु पर्नेछ।

(ग) अभिकर्ताको प्रवन्धपत्र, नियमावली वा विधानमा कुन किसिमको बीमा अभिकर्ता भई कार्य गर्ने हो, सो उल्लेख गरेको हुनुपर्नेछ।

४. **इजाजतपत्र आवश्यक पर्नेः** अभिकर्ता हुन चाहने संस्था कुनै खास प्रकारको व्यवसाय गर्ने रहेछ र त्यसको लागि कुनै निकायको इजाजतपत्र आवश्यक पर्ने रहेछ भने त्यस्तो इजाजतपत्र समेत प्राप्त गरेको हुनु पर्नेछ।

५. **अयोग्यताः** अभिकर्ताको लागि निवेदन दिन देहायको अवस्थामा अयोग्य ठहरिनेछः-

(क) बीमा नियमावली, २०४९ अनुसारको योग्यता नभएको,

(ख) निवेदन दिएको अघिल्लो आर्थिक बर्ष सम्मको कर चुक्ता नभएको,

(ग) निवेदन दिएको अघिल्लो आर्थिक बर्ष सम्मको वित्तीय विवरणको लेखापरीक्षण नभएको,
(घ) सँस्थाको विधान वा प्रवन्धपत्र र नियमावलीमा बीमा अभिकर्ता भई कार्य गर्ने भनी उल्लेख नभएको,
(ङ) कुनै खास प्रकारको व्यवसाय गर्ने सँस्थाको हकमा निजलाई उक्त खास प्रकारको व्यवसायको इजाजतपत्र प्रदान गर्ने निकायबाट विगत तीन बर्ष भित्र कुनै सजाय नभएको,
(च) कुनै खास प्रकारको व्यवसाय गर्ने सँस्थाको हकमा उक्त खास प्रकारको व्यवसायको इजाजतपत्र प्रदान गर्दा अन्य व्यवसाय गर्न बन्देज नलगाइएको ।

## परिच्छेद-३
## निवेदन सम्बन्धी व्यवस्था

६. **निवेदन दिनु पर्ने**: अभिकर्ताको लागि निवेदन दिँदा देहाय बमोजिमका कागजात संलग्न गर्नु पर्नेछ:-
(क) बीमा नियमावली, २०४९ को अनुसूची-७ बमोजिमको निवेदन,
(ख) सँस्थाको सञ्चालक र मुख्य वा प्रमुख व्यवस्थापकले कम्तीमा एस.इ.इ वा सो सरहको परीक्षा उत्तिर्ण गरेको प्रमाणपत्रको प्रतिलिपि,
(ग) सँस्थाको सञ्चालक र मुख्य वा प्रमुख व्यवस्थापको पासपोर्ट साइजको फोटो (तीन थान),
(घ) सँस्थाको सञ्चालक र मुख्य वा प्रमुख व्यवस्थापको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
(ङ) सँस्था वा फर्म दर्ता प्रमाणपत्र,
(च) सँस्थाको विधान वा प्रवन्धपत्र र नियमावली,
(छ) निवेदन दिएको अघिल्लो आर्थिक बर्ष सम्मको कर चुक्ताको प्रमाणपत्र,
(ज) निवेदन दिएको अघिल्लो आर्थिक बर्षको लेखापरीक्षण भएको वित्तीय विवरण,
(झ) सँस्थाको प्रकृति अनुसार आवश्यकता अनुसार समितिले माग गरेको अन्य कागजात .

## परिच्छेद-४
## विद्युतीय कारोवार सम्बन्धी व्यवस्था

७. **विद्युतीय प्रणाली मार्फत कारोवार गर्न सक्ने**: (१) अभिकर्ताले विद्युतीय प्रणाली मार्फत देहाय बमोजिमको कारोवार गर्न सक्नेछः-
(क) बीमितसङ्ग बीमा शुल्क संकलन गरी बीमकलाई भुक्तानी गर्ने,
(ख) बीमा प्रस्ताव फाराम भर्न सहयोग गर्ने,
(ग) बीमा शुल्क भुक्तानी हुने समयको जानकारी दिने र पुनः बीमा गर्नुपरेमा सहयोग गर्ने,
(घ) बीमकको तर्फबाट बीमितलाई विवरण, जानकारी तथा सूचनाहरू उपलब्ध गराउने,
(ङ) समितिले समय समयमा तोके बमोजिम अन्य कार्यहरू गर्ने ।

(२) अभिकर्ताले विद्युतीय प्रणाली मार्फत कारोवार गर्नका लागि सम्बन्धित निकायबाट इजाजतपत्र प्राप्त गरेको हुनु पर्नेछ ।

(३) यस दफा बमोजिमको सेवा लिने वा नलिने बीमितको अधिकारको विषय हुनेछ र विद्युतीय सेवा लिनको लागि बीमक वा अभिकर्ताले बीमितलाई बाध्य पार्न पाउने छैन ।

८. **रकम राख्न नपाइने:** अभिकर्ताले बीमितबाट बीमा शुल्क संकलन गरी बीमकलाई भुक्तानी गर्दा बीमितको सहमति विना कुनै पनि अतिरिक्त रकम आफूसङ्ग राख्न पाउने छैन ।

९. **भुक्तानी भएको मानिने:** (१) बीमितले अभिकर्तालाई बीमा शुल्क बुझाएकै समयमा बीमकलाई बीमा शुल्क बुझाएको मानिने छ ।

(२) उपदफा (१) बमोजिम बीमा शुल्क बुझाए पश्चात बीमकले कुनै पनि कारण जनाई देहायको काम नगर्न तथा सोबाट सिर्जना हुने दायित्वबाट पन्छिन पाउने छैनः-

(क) बीमालेख जारी गर्न,

(ख) बीमालेख नवीकरण गर्न, वा

(ग) बीमालेखको शर्त बमोजिम बीमा शुल्क वुझेपछि गर्नु पर्ने काम गर्न ।

१०. **सम्झौता बमोजिम हुने:** अभिकर्ताले बीमितलाई उपलब्ध गराउने विद्युतीय सेवा बीमा ऐन, २०४९, बीमा नियमावली, २०४९, बीमा समितिबाट जारी भएका निर्देशन तथा मार्गदर्शन र अन्य प्रचलित कानूनको परिधि भित्र रही बीमक र अभिकर्ता बीच हुने सम्झौता बमोजिम हुनेछ ।

## परिच्छेद-५

## अभिकर्ताको काम, कर्तव्य र अभिकर्ताले गर्न नहुने कुरा

११. **अभिकर्ताको काम तथा कर्तव्य:** अभिकर्ताले बीमकको तर्फबाट देहाय बमोजिमको काम तथा कर्तव्य निर्वाह गर्नु पर्नेछः-

(क) अभिकर्ताको इजाजत पत्र सँधै कार्यालयमा राख्नु पर्नेछ र ग्राहकले चाहेमा त्यस्तो इजाजतपत्र देखाउनु पर्नेछ ।

(ख) बीमितले आफू अभिकर्ता भएको बीमकको बारेमा जानकारी माग गरेको खण्डमा पूँजीगत संरचना, लगानी नीति, आर्थिक स्थिति आदिको बारेमा यथार्थ जानकारी गराउनु पर्नेछ ।

(ग) बीमितलाई प्रस्ताव फाराममा खुलाउनु पर्ने सम्पूर्ण विवरणहरु खुलाउन लगाई त्यससंग सम्बन्धित कागजात बीमितबाट प्राप्त गरी बीमक समक्ष पेश गर्नु पर्नेछ ।

(घ) प्रस्तावकले भर्नुपर्ने फारामहरु प्रस्तावकहरु स्वयंबाटै भराउनु पर्नेछ र यदि प्रस्तावक निरक्षर वा असमर्थ भए प्रस्तावकले विश्वास गरेको व्यक्तिबाट त्यस्ता फारामहरु भराउनु पर्नेछ ।

(ङ) बीमितलाई बीमालेखमा उल्लेखित सम्पूर्ण शर्त एवं सुविधा बारे पूर्ण रूपमा जानकारी गराउनु पर्नेछ ।

(च) बीमितले अनुरोध गरेमा निर्दिष्ट समयमा बीमा शुल्क बुझाउने र बीमा अवधि समाप्त भएमा पुनः बीमा गर्न सहयोग गर्नु पर्नेछ ।

(छ) बीमामा दाबी परेमा दाबी भुक्तानी सम्बन्धमा बीमितलाई सहयोग गरी समन्वयकारी भूमिका निर्वाह गर्नु पर्नेछ ।

१२. **अभिकर्ताले गर्न नहुने कुराहरुः** अभिकर्ताले देहायका काम गर्न पाउने छैनः–

(क) अभिकर्ताको इजाजतपत्र प्राप्त नगरी वा इजाजतपत्र नवीकरण नगरी बीमालेख विक्रि गर्न,

(ख) बीमितबारे आफूले थाहा पाएको कुनै पनि बीमासंग सम्बन्धित आवश्यक विवरणहरु सम्बन्धित बीमकलाई नबताई लुकाउन,
(ग) बीमित बारेको आफुलाई जानकारी भएको विवरणहरु सम्बन्धित बीमक बाहेकका व्यक्ति वा संस्था सामु प्रकट गर्न,
(घ) बीमित प्रति दुर्व्यवहार गर्न,
(ङ) बीमितलाई अनावश्यक करकाप गर्न,
(च) बीमितलाई प्रलोभनमा पार्न आफूले प्राप्त गर्ने कमिशनको कुनै पनि अंश दिन वा दिन्छु भनी कबोल गर्न,
(छ) अस्वस्थ प्रतिस्पर्धा गरी अन्य बीमा अभिकर्ताको व्यवसायमा अनावश्यक दखल पुर्याउन,
(ज) बीमालेख वापत प्राप्त हुने रकमको कुनै पनि अंश बीमित वा बीमितको हकवालाबाट लिन,
(झ) अभिकर्ताको कुनै सञ्चालक, पदाधिकारी वा कर्मचारी कुनै पनि बीमकको तलबी कर्मचारी, परामर्शदाता, सर्भेयर, सल्लाहकार वा लेखापरीक्षक भई काम गर्न,
(ञ) आफू अभिकर्ता भएको बीमकको सँस्थापक, सञ्चालक हुन वा एक प्रतिशत भन्दा बढी शेयर धारण गर्न,
(ट) आफू अभिकर्ता नभएको कुनै पनि बीमकको बारेमा गलत प्रचार प्रसार गर्न,
(ठ) आफ्नो पेशागत व्यवसाय संचालन गर्दा अन्य प्रचलित कानून उल्लघंन गरी व्यवसाय गर्न ।

**१३. अण्डरराइटिङ्ग गर्न नपाउने:** अभिकर्ताले अण्डरराइटिङ्ग सम्बन्धी कुनै पनि कार्य गर्न पाउने छैन ।

## परिच्छद-६
## विविध

**१४. निर्देशिकाको ब्याख्या:** यस निर्देशिकाको ब्याख्या गर्ने अन्तिम अधिकार बीमा समितिलाई हुनेछ ।

**१५. वाझिएमा निष्कृय हुने:** यस निर्देशिकाको कुनै पनि व्यवस्था प्रचलित कानून सँग बाझिएमा बाझिएको हदसम्म स्वतः निष्कृय भई सम्बन्धित कानुनको व्यवस्था लागू हुनेछ ।

**१६. अधिकार प्रत्यायोजन र बाधा अड्काउ फुकाऊ:** (१) यस निर्देशिका अनुसारको कार्य सम्पादन गर्ने गराउने अधिकार अध्यक्षलाई हुनेछ र अध्यक्षले आफू मातहतका कर्मचारीलाई आवश्यकता अनुसार अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

(२) यस निर्देशिका कार्यन्वयनको क्रममा कुनै बाधा अड्चन आइपरेमा अध्यक्षले बाधा अड्काऊ फुकाउन सक्नेछ ।

**१७. बचाऊ:** (१) समितिबाट सँस्थागत अभिकर्ता सम्बन्धी यस अघि भएका निर्णयहरूका आधारमा गरिएका सम्पूर्ण काम कारवाही यसै निर्देशिका अनुसार भए गरेको मानिनेछ ।